का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ असोज २०८०,
बिहीबार
21 September 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न





# सडकमा शिक्षक

विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक - २०८० का कतिपय प्रावधानहरुप्रति असन्तुष्टि जनाउँदै शिक्षकहरु सडक आन्दोलनमा उत्रिएका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

माध्यमिक शिक्षा विधेयक-२०८० प्रति असन्तुष्टि जनाउँदै देशभरका शिक्षकहरु राजधानी आन्दोलनमा उत्रिएका छन् । आन्दोलनका लागि विभिन्न प्रदेशबाट शिक्षकहरु गाडी रिजर्भ गरेर काठमाडौं आएका छन् । उनीहरुले बुधबार माइतीघर मण्डलमा पर्दशन गरे ।

प्रदर्शनका कारणले राजधानी उपत्यकाको ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको थियो । बुधबार संविधान दिवस मनाउन सरकारले सार्वजनिक विदा दिएपनि मुख्य सडक शिक्षकहरुले कब्जा गरेकाले ट्राफिक व्यवस्थापन अस्तव्यस्त बन्यो । प्रदर्शनमा उत्रिएका शिक्षक र प्रहरीबीच कतिपय बेला घम्साघम्सी समेत भयो ।

आफ्नो पेशागत हकहित विरोधी विधेयक आएको भन्दै शिक्षकहरुले सरकारविरुद्ध नाराबाजी समेत गरे । 'विद्यालय शिक्षक कर्मचारीमाथिको ज्यादती बन्द गर, शिक्षामा कूल बजेटको २० प्रतिशत लगानी गर' लगायत नारा लेखिएका प्लेकार्ड बोकेर शिक्षकहरु नाराबाजीमा उत्रिएका थिए ।

शिक्षकहरुले प्रतिनिधिसभामा दर्ता भएको 'विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८०' मा १७ बुँदे असहमति राखेका छन् । त्यसमध्ये स्थानीय सरकारको मातहतमा शिक्षकहरु रहन नसक्ने एजेण्डालाई मुख्य माग बनाएका छन् । नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय सरकार मातहत राखेको छ । त्यसैबमोजिम माध्यमिक शिक्षा विधेयक ल्याउँदा >>> पृष्ठ २ मा



...संवादमार्फत तत्काल समाधान खोजेर विद्यालय अविलम्ब सुचारू गर्न/गराउन सरकार र शिक्षक नेतृत्वलाई अपिल गर्दछु ।

**विश्वप्रकाश शर्मा**
**महामन्त्री, कांग्रेस**

## विद्यार्थी पढ्नबाट वञ्चित

शिक्षकले पठनपाठन बन्द पनि गरेका छन् । विद्यालय बन्द गरेर आन्दोलनमा होमिएका शिक्षकहरुलाई वार्तामा आउन शिक्षा मन्त्रालयले आह्वान गरे पनि शिक्षकहरु वार्तामा बसेका छैनन् । शिक्षकहरूको आन्दोलनको कारण ७० लाख जति विद्यार्थी पढ्नबाट वञ्चित भएका छन् ।

बिभिन्न राजनीतिक दलका नेताहरुले पठनपाठन अवरुद्ध नहुने आन्दोलनको स्वरुप खोज्न शिक्षकहरुलाई आग्रह गरेका छन् ।

सरकार नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका उपमासचिव वर्षमान पुन अनन्तले मंगलबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'भविष्यका कर्णाधार विद्यार्थीहरुको नियमित पठनपाठन रोकिनु राम्रो होइन । पठनपाठन अवरुद्ध नहुने गरी नैतिक दबाबमुलक रचनात्मक आन्दोलनको स्वरुपको खोजी गर्न शिक्षकहरुलाई आग्रह गर्दछु ।'

आन्दोलनका क्रममा संयमता अपनाउन पनि सबै पक्षलाई उनको आग्रह छ । उनी अगाडि लेख्छन्, 'शिक्षकहरुले संयम नगुमाई धैर्य गर्नुपर्छ । सरकारका तर्फबाट शिक्षकका जायज माग सम्बोधन गर्न प्रयास गरियोस् । शिक्षक, अभिभावक, विद्यार्थी, स्थानीय जनप्रतिनिधि सबैले संयम र धैर्यता राखौं ।'

# एकै मञ्चमा तीन कोइराला

१४ औं महाधिवेशनमा शेखर सभापति पदमा उठेर शेरबहादुर देउवासँग पराजित भए । सुजाता प्रकाशमान सिंह प्यानलबाट उपसभापति उठेर हारिन् । शशांक केन्द्रीय सदस्य मात्रै उठेर लोकप्रिय मतसहित जिते ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ असोज ।




बिपी कोइरालाको नेतृत्वमा स्थापित नेपाली कांग्रेसको नेतृत्वमा कोइराला फर्काउने प्रयासमा नेताहरु लागेका छन् । कांग्रेसको १४ औं महाधिवेशनमा यस्तो प्रयास गरिएता पनि कोइराला परिवार नै एक हुन सकेका थिएनन् ।

१५ औं महाधिवेशनमा भए एक हुने सन्देश कांग्रेसका तीन प्रभावकारी कोइराला नेताहरू शेखर कोइराला, सुजाता कोइराला र शशांक कोइरालाले प्रवाह गरेका छन् । यी नीत नेता बुधबार एकै मञ्चमा देखिए । बिपी साहित्य महोत्सवमा 'परिवारले बुझेका बिपी' छलफलमा वक्ताका रूपमा सहभागी नेतात्रयले कोइराला परिवार एकजुट हुने प्रष्ट संकेत गरेका हुन् ।

२०७८ सालमा भएको १४ औं महाधिवेशनमा अनेक प्रयासमा बाबजुत शेखर, सुजाता र शशांक एकजुट भएका थिएनन् । शेखर सभापति पदमा उठे पनि शेरबहादुर देउवासँग पराजित भए । सुजाता प्रकाशमान सिंह प्यानलबाट उपसभापति उठे पनि पराजित भइन् । महामन्त्री भइसकेका शशांक केन्द्रीय सदस्य मात्रै उठेर लोकप्रिय मतसहित जितेर रहे ।

शेखर सभापति उठे पनि उनका पक्षमा शशांक खुलेका थिएनन् । शेखर उपसभापति उठेकी सुजाताकै पक्षमा पनि खुलेनन् ।

कांग्रेस विधानअनुसार चार वर्षको अन्तरालमा महाधिवेशन हुँदा २०८२ मंसिरभित्र १५ औं महाधिवेशन गर्नुपर्ने हुन्छ । महाधिवेशन आउन समय धेरै भए पनि सभापति को उठ्ने भन्ने चर्चा र तयारी कांग्रेसभित्र चलिरहँदा कोइराला परिवारले एक हुने संकेत गरेका हुन् ।

> हामी एक छौं, एक भएर जाने कुरा शेखर दा र सुजाताले पनि भन्नुपर्‍यो । हामी तीनै जना एकै ठाउँमा बस्ने हो । एउटा परिवारको सदस्य मिलाउन सक्दैनौं भने देश र पार्टी मिलाउने कसरी ?
>
> **शशांक कोइराला**

शशांकका अनुसार १४ औं महाधिवेशनमा उनी मिलाउन लागेका थिए । सबैलाई मिलाउन सक्ने व्यक्ति आफैं हुँ भन्ने उनलाई लागेको थियो । शेरबहादुर र शेखरलाई मिलाउन आफूले उत्प्रेरकको भूमिका खेलेको दाबी शशांकको छ । अब सभापतिमा आफू उपयुक्त पात्र भएको शशांकको दाबी छ । साथै कोइराला परिवार एक ढिक्का रहने प्रतिवद्धता जनाए । 'हामी एक छौं, एक भएर जाने कुरा शेखर दा र सुजाताले पनि भन्नुपर्‍यो । हामी तीनै जना एकै ठाउँमा बस्ने हो । एउटा परिवारको सदस्य मिलाउन सक्दैनौं भने देश र पार्टी मिलाउने कसरी ?'

सुजाताले अब आउने महाधिवेशनमा एक भएर अघि बढ्ने बताइन् । उनी भन्छिन्, 'कोइराला परिवारबाट कोही एक जनालाई सभापति बनाएर जाने हो भने म सहयोग गर्न तयार छु ।'

शेखरले आफू सधैं एकताकै पक्षमा रहेको बताए, 'म सधैं एक भएर जानुपर्छ भन्नेमै छु ।'

**वैदेशिक रोजगार विशेष**

# मलेसिया जाने बंगलादेशी कामदारको लागत ८ लाख

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ३ असोज

मलेसियामा बंगलादेशी कामदारको संख्या बढेको र प्रवेशको क्रममा पनि तीव्रता रहेको भन्दै चिन्ता व्यक्त हुन थालेको छ । बंगलादेशी कामदार मलेसियामा नेपाली कामदारका प्रतिस्पर्धी मानिन्छन् । मलेसियामा आप्रवासी कामदारका पक्षमा कार्यरत एन्डी हलले विभिन्न प्रक्रियाबाट मलेसियामा आइपुगेपछि धेरै बंगलादेशी कामदार अलपत्र परेको बताएका छन् ।

मलेसियामा रोजगारीका लागि आउने अन्य देशकाभन्दा बंगलादेशबाट आउनेको संख्या धेरै छ । बंगलादेशको जनशक्ति, रोजगारी र प्रशिक्षण ब्यूरोलाई उद्धृत गर्दै बंगलादेशका समाचारपत्रहरुले डिसेम्बर २०२१ मा श्रम बजार पुन: खोलिएदेखि स्वीकृत ४ लाख ५० हजार कामदारहरुमध्ये ३ लाखभन्दा बढी




मलेसिया पुगेको बताएका छन् । बंगलादेशको बिजनेस स्ट्यान्डर्ड पत्रिकाले थप १ लाख २० हजार कामदार छिट्टै >>> पृष्ठ २ मा

## शाखा नवीकरण गर्न म्यानपावरलाई विभागको उर्दी

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीहरुलाई शाखा कार्यालय तत्काल नवीकरण गर्न निर्देशन दिएको छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालनसम्बन्धी कार्यविधि २०७९ को दफा ५ को उपदफा १ मा प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र शाखा कार्यालयको नवीकरण गर्नुपर्नेछ भन्ने व्यवस्था छ । तर धेरै म्यानपावर कम्पनीले शाखा कार्यालय नवीकरण गरेको नदेखिएपछि >>> पृष्ठ २ मा

> डा. बाबुराम भट्टराई देश बाहिर रहेको समयमा माओवादी केन्द्रले पार्टी एकताको लागि भन्दै वरीयता क्रममा दोस्रो नम्बरमा रहेका अध्यक्ष महिन्द्र राय यादवको नाममा पत्राचार गरेपछि नेसपामा तरंग पैदा भएको हो ।



# बाबुराममलाई बाइपास

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

नेकपा माओवादी केन्द्रले नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई बाइपास गर्दै पार्टी एकताका लागि पत्र पठाएको छ । भदौ ३० गते अध्यक्ष प्रचण्ड र महासचिव देव गुरुङले हस्ताक्षर गरी नेसपाका दोस्रो अध्यक्ष महिन्द्र राय यादवलाई पत्राचार गरेका हुन् । यसले नेसपाभित्र तरंग पैदा गरेको छ ।

माओवादीले पठाएको पत्रमा भनिएको छ, 'भदौ २५ गते पार्टीको केन्द्रीय कार्यालय ९पदाधिकारीहरु० को बैठकमा पार्टी एकता सम्बन्धमा गम्भीरताका साथ छलफल भयो र अन्तमा पार्टी एकतालाई सफल तुल्याउनका लागि पार्टीको नामको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीको पछाडि कोष्टभित्र रहेको माओवादी केन्द्र बारे आगामी महाधिवेशनमा खुला रुपले छलफल गरी आवश्यक निर्णय लिन सकिने भनी गरिएको निर्णयलाई जानकारीको लागि पत्राचार गरिएको छ ।'

भट्टराई प्रगतिशील नेपाली समाज भारतले गरेको कार्यक्रममा भाग लिन दिल्ली छन् । असोज १ गते भ्रमणमा निस्किएका भट्टराई बैंगलोर, गोवा, चण्डीगढ र दिल्लीमा आयोजना गरिने कार्यक्रममा सहभागी भएर असोज ६ गते स्वदेश फर्किने उनको सचिवालयले जनाएको छ ।

यहीबेला माओवादी केन्द्रको पत्रले नेसपामा तरंग ल्याएको हो ।

नेताहरुका अनुसार आम चुनावभन्दा अगाडि नै माओवादी र नेसपाबीच पार्टी एकताको समझदारी भएको थियो । त्यही समझदारी अनुसार नेसपाका केही नेताले माओवादीको चुनाव चिह्न बाटै चुनाव लडे ।

उनीहरुमध्ये प्रतिनिधिसभामा महेन्द्रराय यादव र बागमती प्रदेशसभा सहअध्यक्ष गंगानारायण श्रेष्ठ निर्वाचित भए । यादव प्रचण्ड सरकारमा खानेपानी मन्त्री छन् भने श्रेष्ठ बागमतीमा >>> पृष्ठ २ मा

# 'द्रुत बस सेवा रत्नपार्क–सूर्यविनायकसम्म मात्रै सीमित हुँदैन'

**काठमाडौं/मस–** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सहकार्यमा बुधबारदेखि काठमाडौंको रत्नपार्कदेखि भक्तपुरको सूर्यविनायकसम्म द्रुत बस सेवा सञ्चालनमा आएको छ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आज रत्नपार्कको शान्तिवाटिकाबाट उक्त बस सेवाको शुभारम्भ गरेका हुन्।

उक्त बसका लागि 'डेडिकेटेड' लेनको व्यवस्था गरिएको छ। बिहीबारदेखि कार्यालय समयमा बिहान ९ देखि ११ र अपराह्न ४ देखि ६ बजेसम्म द्रुत सेवाका बस सञ्चालनमा आउनेछन्। काठमाडौं उपत्यकाको यातायात क्षेत्रमा सुधार ल्याउने उद्देश्यले द्रुत बस सेवा सञ्चालनमा ल्याएको सरकारले जनाएको छ। रत्नपार्कदेखि सूर्यविनायकसम्म १३ दशमलव ४ किलोमिटर दूरी रहेको छ।

निर्धारित समयका लागि ४० सिट क्षमताका २५ बस छुट्याइएको यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालले जानकारी दिए।

कार्यालय समयमा अहिले सार्वजनिक यातायातमा यात्रा गर्दा सूर्यविनायकदेखि रत्नपार्कसम्म करिब दुई घण्टा लाग्दै आएको छ।

द्रुत बस सेवा सञ्चालन भएपछि सो दूरीको यात्रा करिब ४५ मिनेटमा सीमित हुनेछ। रत्नपार्क, भद्रकाली, माइतीघर,



बबरमहल, नयाँ बानेश्वर, शान्तिनगर, कोटेश्वर जडीबुटी, कौशलटार, गट्ठाघर, चारदोबाटो, सूर्यविनायकलगायत १९ स्थानमा बस स्टप रहनेछ। त्यहाँबाट उक्त बस चढ्न र ओर्लन सकिनेछ।

'सहरी क्षेत्रको यातायात व्यवस्थापन चुनौतीपूर्ण रहेको छ, उपत्यकाको यातायात क्षेत्र सुधारको जमर्को शुरु गरिएको छ', उनले भने। सरकारले गत फागुन ३० गते सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन काठमाडौं उपत्यकामा द्रुत बस सेवा सञ्चालन गर्ने निर्णय गरेको थियो। कार्यालय समयमा ती बस प्रत्येक एक/एक किलोमिटरको फरकमा गुड्नेछन्।

'सार्वजनिक सवारी चढेर निश्चित समयमा गन्तव्यमा पुग्न सकिन्छ भन्ने विश्वास दिलाउन सरकारले द्रुत बस सेवा सञ्चालनमा ल्याएको हो, यो शुरुवात मात्रै हो', महानिर्देशक रिजालले भने, 'ती बसका लागि छुट्टै लेनको व्यवस्था गरिएको छ, लेनमा रातो रङ लगाइएको छ, कार्यालय समयमा उक्त लेनमा अन्य सवारी चल्न पाउने छैनन्।' द्रुत सेवाका बस माइतीघर, बानेश्वर, तीनकुने, कोटेश्वर, जडीबुटीलगायत चोकमा जाममा पनि रोकिने छैनन्।

बस सेवाको शुभारम्भ गर्दै मन्त्री ज्वालाले सहरी क्षेत्रको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन र जनतालाई सार्वजनिक यातायातप्रति विश्वास र भरोसा दिलाउन पहिलो चरणमा कार्यालय समयमा सूर्यविनायकदेखि रत्नपार्कसम्म द्रुत बस सेवा सञ्चालन गरिएको बताए। 'सरकारको अभियान यतिमै मात्र सीमित हुँदैन, यसलाई सुधार र विस्तार गर्दै लैजाने छौँ', उनले भने, 'विमानस्थल, चक्रपथ, बालाजु, महाराजगञ्ज, थानकोट, ललितपुरलगायत क्षेत्रमा द्रुत बस सेवा विस्तार गरिनेछ।'

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले सार्वजनिक यातायातप्रति नागरिकको विश्वास र भरोसा बढाउनुपर्ने बताए। भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्माले उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने जमर्को स्वरुप द्रुत बस सेवा सञ्चालनमा ल्याइएको बताए।

निमित्त प्रहरी महानिरीक्षक दीपक थापाले सार्वजनिक सवारीलाई व्यवस्थित बनाउन सर्वसाधारणलाई सचेत बनाउनुपर्नेमा जोड दिँदै 'डेडिकेटेड लेन'मा चल्न सवारी साधनको सुरक्षाका लागि प्रहरी प्रतिबद्ध रहेको बताए।

उक्त लेनमा चल्ने सवारी साधनलाई पनि अन्य सार्वजनिक यातायात सरहका कानुन आकर्षित हुने जनाउँदै उनले ट्राफिक नियमलाई पालना गरेर यातायातका साधन सञ्चालन गर्न आग्रह गरे।

# कांग्रेस बैसाखी बिना टिक्नै नसक्ने पार्टी भयो : यामलाल कँडेल

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३ असोज

नेकपा एमाले कर्णाली प्रदेश संसदीय दलका नेता यामलाल कँडेलले कांग्रेस बैसाखी बिना टिक्नै नसक्ने पार्टी भएको आरोप लगाएका छन्। बुधबार वीरेन्द्रनगरमा कचहरी प्रेस क्लबले आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।



उनले अहिले सत्तामा भएको पार्टी जनता अल्मल्याउनेतर्फ लागेको बताए। 'चुनाव सकिएको एक वर्ष नहुँदै सरकारमा भएको पार्टी नै अभियान भनेर जनता अल्मल्याउनेतर्फ लागेको छ,' उनले भने। उनले कर्णाली सरकार मन्त्री उत्पादन गर्ने कारखाना बनेको समेत बताए। उनले भने, 'जति मान्छे आउँछन् सबैलाई मन्त्री बनाएर छोड्ने पार्टीबाट विकास हुन्छ भनेर मलाई केही विश्वास लागेको छैन।'

# डोल्पामा हराएका गुम्बाका मूर्ति बेवारिसे अवस्थामा फेला

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ३ असोज

माथिल्लो डोल्पाको एक घरबाट हराएका बुद्धका मूर्तिहरु फेला परेको छ। गत असार ८ गते शे-फोक्सुण्डो गाउँपालिका ४ का लार्जम लामाको घरबाट ९ वटा साना तथा ठूला बुद्धका मूर्ति, स्तुपा, पुलिक नगद लुटपाट भएको थियो। उक्त लुटिएका मूर्ति, स्तुपा प्रहरीले फेला पारेर जिल्ला प्रशासन कार्यालय डोल्पामा बुधाबार सार्वजानिक गरेको छ।

हतियारधारीको समूहले लार्जम लामाको घरबाट लुटपाट गरेको बहुमुल्य मूर्ति, स्तुपा करिब २ महिनापछि डोल्पाबुद्ध गाउँपाकालिका-३ को फोलोडकार्बो भन्ने ठाउँमा बेवारिसे अवस्थामा फेला परेको हो।

सेतो बोरामा निलो कपडाले छोपेको अवस्थामा भदौ २७ गते घाँस काट्न गएका स्थानीयले देखेर प्रहरीलाई खबर गरेपछि प्रहरीले नियन्त्रण लिएर हेर्दा हराएका मूर्ति भेटिएको जिल्ला प्रहरी कार्यालय



डोल्पाका प्रहरी नायव उपरीक्षक (डीएसपी) शिव बुढाथोकीले जानकारी दिए।

डिएसपी बुढाथोकीले ओडारमा लुकाएर राखेको बोरामा बुद्ध स्तुपा थान १, धातुको जस्तो देखिने विभिन्न मूर्तिहरु ७ थान गरी ८ थान मूर्ति र स्तुपा फेला परेको बताए। चोरले सुरक्षा चेक पोइन्टहरुबाट जिल्ला बाहिर लग्न सक्ने अवस्था नभएपछि लुकाएर राखेको र अवस्था सामान्य भएपछि बाहिर लग्ने तयारी रहेको प्रहरीको निष्कर्ष छ।

डिएसपी बुढाथोकीले स्तुपा, मूर्ति फेला पर्नु सकारात्मक पक्ष भएपनि उपलब्धि नभएको बताए। उनले अभियुक्त फेला नपरेसम्म प्रहरी निरन्तर लागि रहने बताउँदै सबैको सहयोगको खाँचो रहेको बताए।

प्रहरीले फेला पारेका मूर्ति, स्तुपामध्ये ६ वटा लार्जम लामाको भएको भनेर उनकी छोरी पेम्बा पुटिक लामाले सनाखत गरिदिएको र अन्य दुई मूर्ति कुन गुम्बाका हुन् भन्नेबारे अनुसन्धान भइरहेको डीएसपी बुढाथोकीले बताए।

डिएसपी बुढाथोकीले फेला परेका मूर्ति कानूनी प्रक्रियाअनुसार पुरातत्व विभागमा पठाएर प्रमाणित हुने र थप अनुसन्धान गरिने बताए। माथिल्लो डोल्पामा सुरक्षा व्यवस्था नभएका कारण सयौं वर्ष पुराना बहुमुल्य मूर्तिहरु चोरी हुने गरेको छ।

# उद्योग वाणिज्य संघ गरुडाका निर्वाचित अध्यक्ष र सदस्यहरुले लिए शपथ

रौतहट/मस-गरुडा नगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष र सदस्यहरुले पद तथा गोपनियताको शपथ लिएका छन्।

गएको भदौ १९ गते सम्पन निर्वाचनमा अध्यक्ष पदमा सतिश साह निर्वाचित भएका थिए। निवर्तमान अध्यक्ष हरेन्द्र प्रसाद चौधरीको अध्यक्षतामा भएको शपथ ग्रहणमा निर्वाचन समिति संयोजक एवम् रौतहट उद्योग वाणिज्य संघका जिल्ला पण्डित प्रसाद जयसवालले शपथ खुवाएका थिए।

एक अध्यक्षसहित १३ जना सदस्य पदका लागि भएको निर्वाचनमा साहले चार सय ८८ मत प्राप्त गरी विजयी भएका हुन्।




कुल ९ सय ५२ जना मतदाता रहेको संघमा भएको मतदानमा ८ सय ४४ मत खसेको थियो। अध्यक्ष साहले आफ्नो निकटतम प्रतिद्वन्द्वी अध्यक्ष पदका उम्मेदवार सन्तोषकुमार चौधरीलाई १ सय ३९ मतान्तरले पराजित गरेका थिए।

संघको सदस्यहरुमा रामबाबु साह तेलीले ४ सय ६, बिनोद साह बनियाले ३ सय ८०, सुशिल कुमार साहले ३ सय ७८, उपेन्द्र कुमार चौधरीले ३ सय ७३, चुनचुन प्रसाद यादवले ३ सय ६५, मनोज प्रसाद गुप्ताले ३ सय ५८, शिवजी प्रसाद चौधरीले ३ सय ५८ मत प्राप्त गरी सदस्य पदमा विजयी भएको निर्वाचन समिति संयोजक पण्डित प्रसाद जयसवालले जानकारी दिए।

त्यस्तै सदस्यहरुमा गजेन्द्र महतो कोइरीले ३ सय ५७, रामइश्वर साहले ३ सय ५५, छठुप्रसाद साहले ३ सय ५४, सुशिला देवीले ३ सय ५४, महाशक्ती साह निरालाले ३ सय ४५ र रमेश कुमार रौनियरले ३ सय ४४ मत प्राप्त गरी सदस्य पदमा विजयी भएको उनले जानकारी दिए।

अध्यक्षमा विजयी उम्मेदवार सतिश साहको प्यानल बाट ७ जना सदस्य, चौधरीको प्यानलबाट ६ जना सदस्य निर्वाचिन भएको थियो।

# नि:शुल्क दन्त शिविरमा २ सय ५० जनाले लिए सेवा

**पवन जायसवाल/मध्यान्ह**
बाँके,३ असोज

बाँकेको कौशल्या मेमोरियल हस्पिटलले संविधान दिवसको अवसरमा नि:शुल्क दन्त शिविर सम्पन्न गरेको छ। कोहलपुर नगरपालिका वडा नं.९ हवलदार पुरस्थित रहेको कौशल्या मेमोरिल हस्पिटलद्वारा आयोजित नि:शुल्क दन्त शिविरमा विभिन्न ठाउँबाट जटिल तथा सामान्य दाँतका २ सय ५० जना बिरामीहरुलाई नि:शुल्क जाँच, उपचारका साथै नि:शुल्क औषधी वितरण गरिएको छ।

यसैगरी सो अवसरमा कौशल्या मेमोरियल हस्पिटलको प्राङ्गणभित्र सञ्चालित अत्याधुनिक डेन्टल युनिटको कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण आचार्यले उद्घाटन गरेका छन्। उक्त दन्त शिविरमा डा. विश्वनाथ चौधरीको संयोजकत्वमा डा. लोकराज खनाल, डा. आष्मा जिसी, डा. मोहम्मद अहमद खान, डा.सीमा वर्मा लगायतले चेक जाँच तथा सेवा प्रदान गरेका हस्पिटलका प्रबन्ध निर्देशक चन्द्र महतोले जानकारी दिए।

## सडकमा...

शिक्षकहरुले चर्को आपत्ति जनाएका छन्। शिक्षकहरुले ट्रेड युनियनको अधिकारबाट बञ्चित गराइन नहुने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगबाट हुनुपर्ने, सरुवा, बढुवा र कारबाहीको अधिकार स्थानीय सरकारलाई दिन नहुने माग अगाडि बढाएका छन्। पेन्सन र निवृत्तिभरण गर्दा अस्थायी सेवा अवधिलाई पनि गणना गरिनुपर्ने, राहत दरबन्दीका शिक्षक, अस्थायी र करार शिक्षक, साविक उच्च माविका शिक्षक, विशेष शिक्षा र प्राविधिक धारका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायीको व्यवस्था गरिनुपर्ने पनि शिक्षकहरुको माग छ। मुख्यगरी विधेयकले शिक्षकहरुलाई राजनीतिक आवद्धताबाट अलग गर्ने व्यवस्था गरेकोमा आन्दोलनरत शिक्षकहरुको ठूलो आपत्ति देखिन्छ। जसलाई उनीहरुले ट्रेड युनियनको अधिकार भनेका छन्। झण्डै ७० लाख विद्यार्थीको पढाइ छोडेर शिक्षकहरु आन्दोलन गर्न काठमाडौं आएपछि सत्तारुढ दलकै नेताहरुले सरकारलाई गम्भीर हुन आग्रह गरेका छन्। प्रमुख सत्ताघटक नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अविलम्ब बिद्यालय सुचारु गराउन पनि सरकार र शिक्षकहरुसँग अपिल गरेका छन्। '...संवाद मार्फत तत्काल समाधान खोजेर बिद्यालय अविलम्ब सुचारू गर्न गराउन सरकार र शिक्षक नेतृत्वलाई अपील' महामन्त्री शर्माले बुधबार सामाजिक सञ्जाल फेसबुकमा लखेका छन्। प्रत्येक शिक्षकको आत्मसम्मान अभिवृद्धि गर्ने/गराउने कर्तव्य राज्यको भएको उल्लेख गर्दै उनले विद्यार्थीप्रतिको शिक्षकको दायित्व नभुल्न भनेका छन्। उनले लेखेका छन्, '...प्रत्येक विद्यार्थीको शैक्षिक भविस्यमा नकारात्मक असर पर्न नदिने अभिभावकत्व शिक्षकको प्रधान दायित्व हो।'

संघीय शिक्षा ऐन मार्फत बर्षौंदेखि अल्झिएका समस्याको हल खोजिनुपर्ने उनको भनाइ छ। उनी अगाडि भन्छन्, 'हामी लोकतान्त्रिक राज्यप्रणालीमा छौं, एक व्यक्ति मात्रको आवाज पनि सुन्ने कर्तव्य राज्यको हुन्छ भने लोकतान्त्रिक राज्यले लाखौं शिक्षकको आवाज सुन्न र भावना बुझ्न ढिलाइ गर्नुहुन्न।' माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले पनि शिक्षकहरुको जायज माग सम्बोध नगरिनुपर्नेमा जोड दिएका छन्। तर शिक्षकहरुले भने मंगलबार वार्तामा बोलाउँदा पनि छलफलमा नबस्ने अडान लिएका थिए।

## मलेसिया...

मलेसिया जाने प्रक्रियामा रहेको बताएको छ। मलेसियाले साढे तीन वर्षको प्रतिबन्ध हटाएपछि सन् २०२१ डिसेम्बर १९ तारिखदेखि बंगलादेशी कामदारका लागि आफ्नो श्रम बजार पुनः खोल्न बंगलादेशसँग सम्झौता गरेको थियो।

गत अगष्टमा बंगलादेशबाट १ लाख ३८ हजारभन्दा बढी कामदार वैदेशिक रोजगारमा गएका छन्। त्यसमध्ये ४६ हजार १ सय ५ जना मलेसिया गएका छन्। दुई वर्षभन्दा कम अवधिमा ३ लाखभन्दा बढी बंगलादेशी कामदार मलेसिया प्रवेश गर्नु चिन्ताजनक रहेको हलको भनाइ छ। हलका अनुसार बंगलादेशबाट मलेसिया आउन एक जना कामदारको ६ हजार अमेरिकी डलर अर्थात करिब ८ लाख रुपैयाँ खर्च हुने गरेको छ।

अधिकारकर्मी हलले कामदार चर्का ऋणको पासोमा पर्नुमा कतिपय मलेसियाका नक्कली रोजगारदाता र एजेन्ट तथा बंगलादेशी सरकार जिम्मेवार रहेको आरोप लगाएका छन्। इम्प्लोइमेन्ट पे मोडल अर्थात रोजगारदाताले भर्ना प्रक्रिया तथा उडानको लागत खर्च तिर्ने सम्झौता गरेको नेपालबाट जाँदा कामदारको ३ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ।

## शाखा...

सूचना नै निकालेर विभागले असोज मसान्तसम्ममा शाखा कार्यालय नवीकरणको दबाब दिएको हो। कार्यविधिमा शाखा कार्यालय नवीकरण गर्दा प्रत्येक शाखा कार्यालयको एक हजार रुपैयाँ शुल्क लाग्ने व्यवस्था छ।

शाखा नवीकरण गराउन चाहने म्यानपावर कम्पनीहरुले निवेदनका साथमा नवीकरण दस्तुर, शेयर लगत, हालसालै अध्यावधिक गरिएको शेयर लगतको पत्र, गत आर्थिक वर्षको करचुक्ता प्रतिलिपि, शाखा कार्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि, शाखा कार्यालय नवीकरण गर्ने सञ्चालक समितिको निर्णय, शाखा दर्ता गर्दा पेश गरेको नगद धरौटीको प्रतिलिपि, बैंक ग्यारेन्टीको प्रतलिपि, शाखा प्रमुख र अन्य कर्मचारीको नियुक्तिपत्र तथा विवरण र कार्यालय वहालमा रहेको भए घरवहाल सम्झौता पेश गर्नुपर्ने सूचनामा उल्लेख छ।

विभागले वार्षिक एक हजार कामदार पठाउने म्यानपावर कम्पनीलाई एक, दुई हजार पठाउनेलाई दुई, तीन हजार पठाउनेलाई तीन, तीनदेखि पाँच हजार पठाउनेलाई पाँच र पाँच हजारभन्दा धेरै पठाउनेलाई केन्द्रीय कार्यालयसहित सात वटासम्म शाखा सञ्चालन गर्न दिने गरेको छ। प्रत्येक शाखा कार्यालयको धरौटी शुल्क दुई लाख रुपैयाँ तोकिएको छ। शाखा कार्यालयमा कार्यालय प्रमुख रहने कर्मचारीको न्यूनतम शैक्षिक योग्यता १२ कक्षा र सहायक कर्मचारीका लागि एसईई उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ। विभागको तथ्यांकअनुसार हालसम्म ३२ वटा म्यानपावर कम्पनीले शाखा सञ्चालनको अनुमति लिएका छन्। तीमध्ये अधिकांशले झापाको बिर्तामोड, सुनसरीको इटहरी तथा धरान, कास्कीको पोखरा, रुपन्देहीको बुटवल, चितवनको भरतपुर र दाङमा कार्यालय सञ्चालन गरिरहेका छन्।

## बाबुरामलाई...

आन्तरिक मामिला तथा कानुनमन्त्री छन्। दुई पार्टीबीच एकता वार्ता पनि सुरु भएको थियो। माओवादीले उपाध्यक्ष कृष्णबहादुर महराको नेतृत्वमा र नसपाले सहअध्यक्ष श्रेष्ठको नेतृत्वमा वार्ता समिति नै बनाएर छलफल थालेको थियो। गत चैतमा नेसपाले पाटी एकताको आधार भन्दै ९ बुँदे पत्र माओवादीलाई पठाएको थियो। त्यसपछि सम्वाद अघि बढेन।

डा. बाबुराम भट्टराई देश बाहिर रहेको समयमा माओवादी केन्द्रले पाटी एकताको लागि भन्दै वरीयता क्रममा दोस्रो नम्बरमा रहेका अध्यक्ष महिन्द्र राय यादवको नाममा पत्राचार गरेपछि नेसपामा तरंग पैदा भएको हो। माओवादी अध्यक्ष प्रचण्ड र महासचिव गुरुङले हस्ताक्षर गरेको पत्रमा आगामी महाधिवेशनमा खुला रूपले छलफल गरी पार्टीको नामबारे निर्णय लिनसक्ने माओवादी निर्णयबारे जानकारी दिइएको छ।

**MALAYSIA मा रोजगार**
कम्पनी: ASIA WIRE STEEL MESH MANUFACTURING SDN.BHD
शहर: Selangor

पूर्व स्वीकृत मिति: २०७९/०६/१५ चलानी नं.: ६०१८८६४७ LT. No.: 272837 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 42 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ११ गते (28 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

Vacancy Annoucement
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Domestic Marketing Manager- 01
Pro (Male/Female) - 2 Male And 2 Female
Accountant - 01




Salary- Negotiable
All categories need to have a minimum 3 years experienced in the same field.
Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263.
Mob.: 9851005776 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## श्री नमुना मा.वि. मुर्कुची
## रौतामाइ गाउँपालिका–०७, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०४**

यस विद्यालयको स्वीकृत कार्यक्रम अनुसार Construction of Namuna Ma.Vi. School Building RRM-07, Udayapur योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात Www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (पि.एस. आइटम र भ्याट बाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Works /04/2080-081 Building construction | Construction of Namuna Ma.Vi. School Building Murkuchi, Rautamai Rural Municipality -07, Udayapur | 1,12,92,844.02 | 3,25,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु. ३०००।- |

सम्पादकीय

## शिक्षक र सरकारलाई सन्देश

संसदमा दर्ता भएको माध्यमिक शिक्षा विधेयकप्रति असन्तुष्टि जनाउँदै सामुदायिक विद्यालयका शिक्षकहरू सडक प्रदर्शनमा उत्रिएका छन् । सरकारले विद्यालय शिक्षा ऐन–२०२८ लाई संशोधन गर्नेगरी ल्याएको विधेयक सच्याउन माग राख्दै शिक्षकहरूले काठमाडौं केन्द्रीत आन्दोलनमा उत्रिएका हुन् । बुधबार माइतीघर मण्डलबाट नयाँ बानेश्वरतर्फको सडकमा प्रदर्शन गरेका थिए । उनीहरूको प्रदर्शनले संविधान दिवसको सार्वजनिक विदा हुँदा समेत राजधानी उपत्यकाको ट्राफिक व्यवस्थापन अवरूद्ध हुन पुग्यो । त्यो भन्दा पनि बढी अब ७० लाख विद्यार्थीको पठनपाठन रोकिने भएको छ । किनकि प्रदर्शनका निम्ति राजधानी उपत्यका आउन र फर्कन समेत समय लाग्ने भएकाले विद्यालयको पठनपाठन अवरूद्ध भइसकेको छ । अझ आन्दोलनरत शिक्षकहरूसँग कुनै सहमति हुन नसकेकाले कहिलेबाट पठनपाठन हुन्छ भन्ने यकिन छैन ।

मंगलबार सरकारले वार्तामा बोलाउदा पनि शिक्षकहरू छलफलमा बसेनन् । वार्तामा बस्नुभन्दा उनीहरूले प्रदर्शनलाई नै प्राथमिकतामा राखे । देशका विभिन्न भूभागबाट आन्दोलनका निम्ति आएका शिक्षकहरूले माग सम्बोधनको सुनिश्चितता खोजेका छन् । तर उनीहरूले विधेयकमा १७ बुँदे असहमति राखेका छन् । त्यस मध्ये स्थानीय सरकारको मातहत नबस्ने अडानलाई मुख्य माग बनाएका छन् । २०७२ को संविधानले माध्यमिक शिक्षालाई स्थानीय सरकारको मातहतमा राखेको छ । अहिले संसदमा दर्ता भएको विधेयकले पनि स्थानीय सरकारको मातहतमा रहनुपर्ने व्यवस्था गरेको भन्दै शिक्षकहरू संगठित रूपमा आन्दोलित भएका छन् । शिक्षकहरूको मागमा राजनीतिक स्वतन्त्रता समेत खोजेका छन् । विधेयकले शिक्षकलाई राजनीतिक आवद्धतामा रोक लगाएपछि त्यसप्रति असन्तुष्टि देखिन्छ । प्रत्यक्ष रूपमा भने राजनीति गर्न पाउनुपर्ने माग उनीहरूले राखेका छैनन् ।

यसरी विधेयक संसदमा दर्ता हुनासाथ शिक्षकहरूले शक्ति प्रदर्शनकै आन्दोलनमा पुग्नुमा भने सरकारको पनि कमजोरी देखिन्छ । किनकि यसअघि नीजि विद्यालय सञ्चालकहरूले आन्दोलनको चेतावनी दिनासाथ सरकारले विधेयक सच्याएको थियो । सच्चिएको विधेयक अनुसार कानून बने नाफा कमाउन मिल्नेगरी नीजि विद्यालयहरूलाई सञ्चालनको छुट हुनेछ । आन्दोलनको चेतावनी दिनासाथ सरकार पछि हटेको शिक्षकहरूले पनि देखेका थिए, जसका कारण देशभरका शिक्षकहरूले केन्द्रीत प्रदर्शनको नीति लिएको बुझ्न सकिन्छ । अब नीजि विद्यालय सञ्चालकहरूको कुरा सुनेका सरकारले शिक्षकहरूको मागबारे पनि गम्भीर हुन आवश्यक छ नै, तर सँगै यसरी शिक्षकहरूले विद्यालय छोडेर आन्दोलनमा उत्रनु पनि राम्रो विधि होइन । किनकि सरकारलाई दबाव दिन आन्दोलनका अरू रूपहरू अपनाउन सक्थे । तर त्यसो नगरी अनि वार्तामा बोलाउँदा समेत नगई सडक प्रदर्शनमा शिक्षकहरू निस्किएका छन् । यसप्रति सरकार र शिक्षकहरूले समेत एकपटक गम्भीर भएर सोच्न आवश्यक छ । किनकि यस्ता गतिविधि र अडानबाट विद्यार्थीहरूमा राम्रो प्रभाव पर्दैन ।

# सहकारीको अवस्था र सुधारका उपाय

अग्रलेख



● शेरजंग बहादुर चन्द

नेपालको संविधान २०७२, भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत सहकारीको सहभागिताका सम्बन्धमा उल्लेख गरिएको छ। समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सहकारीको महत्वलाई संविधानले प्राथमिकता दिएको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ पार्ने संविधानको भावना व्यवहारत कार्यान्वयन भएको पाइएको छैन। संविधानले तीनवटै तहका सरकारलाई सहकारीको नियमन, अनुगमनसँगै प्रवर्द्धन र विकासका लागि व्यवस्था गरेको छ। राष्ट्रिय सहकारी नीति, २०६९ र सहकारी ऐन, २०७४ मा सहकारी संस्थाहरुका लागि बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने व्यवस्था छ। तर, हालसम्म पनि त्यस्तो कोष बन्न सकेको छैन।

विगतमा सहकारी सम्बन्धित समस्या छिटफुटरूपमा आइरहेका भएपनि पछिल्लो समय सहकारी क्षेत्रमा धेरै समस्या देखिएका छन् । जसमा राज्यको प्रभावकारी नियमन हुन नसक्नु पनि एक मुख्य कारण रहेको छ । सहकारीका ऐन-नियमको पालना नहुनु, सहकारीको रकम व्यक्तिगत प्रयोजनमा दुरूपयोग हुनु, नियामक निकायको यथेष्ट अनुगमन, नियमन नहुनु, सहकारीका नाममा पैसा संकलन गरेर विभिन्न बहानामा आफ्नो निजी सम्पत्ति जोड्ने प्रवृत्ति सहकारीको मुख्य समस्याको रूपमा देखिएको छ। जसले हालको अवस्था सिर्जना गर्न प्रमुख भुमिका खेलेको देखिन्छ। यसबाहेक दीगो आर्थिक विकासको उद्देश्यबाट विमुख भई बैंकले झैं निक्षेप संकलन गर्ने, बिना आधार ब्याज तोक्ने र जोसुकैलाई देशभर लगानी गर्न थालेपश्चात सहकारीमा ठगीधन्दा बढ्न थालेको देखिन्छ।


नेपालमा भएका सहकारीमध्ये बचत र ऋणको कारोबार गर्नेको संख्या अधिक रहेकोमा पछिल्ला दिनमा बचत तथा ऋणको कारोबार गर्ने केही सहकारी समस्याग्रस्त बनिरहेका छन्। केहीलाई सरकारले समस्याग्रस्त घोषित गरिसकेको छ। २०७० सालमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित समस्याग्रस्त सहकारी संस्थाको छानबिन तथा जाँचबुझ आयोगले १३० सहकारी संस्था समस्याग्रस्ततर्फ अभिमुख भएको प्रतिवेदन बुझाएको थियो । त्यो प्रतिवेदनलाई सरकारले कार्यान्वयन गर्न नसक्दा थप सहकारीमा समस्या आएको देखिन्छ। समस्या आएपछि कार्यदल बनाउने, प्रतिवेदन बुझ्ने र त्यसलाई कार्यान्वयन नगर्ने प्रवृत्ति सहकारी क्षेत्रमा जकडिएको छ।

### पछिल्लो अवस्था

सहकारी संस्था संकटग्रस्थ हुँदै गएको सूचना सार्वजनिक भएसँगै सहकारीमा बचत रकमको दर र परिमाणमा कमि, ऋणी शेयर सदस्यले समयमा ऋण नतिर्ने, बचत गरेका सदस्यले सहकारीमा देखिएको अविश्वासका कारण आफ्नो बचत फिर्ता माग्ने जस्ता प्रवृतिमा वढोत्तरी भएको कारण सहकारीको तरलता व्यवस्थापनमा कठिनाइ देखिएको छ । सहकारीका बचतकर्ताहरुले संघीय राजधानीसहित मोफसलमा सहकारी पीडित संघर्ष समिति गठन गरी सावाँ र व्याज फिर्ताको लागि दवाव दिँदै आइरहेका छन्। कतिपय पालिकाले सहकारीको ऋण तिर्नका लागि ऋणी सदस्यलाई ताकेता गरेका, ऋण नतिरे कानुनी कारबाही गर्ने चेतावनीसहितका सूचना पनि जारी गरेका छन्।

कतिपय सहकारी संस्था दर्ता गर्दा सञ्चालकले नक्कली बचत देखाई प्रमाण दिने, नक्कली कर्जा लगानी गर्ने, जग्गाको कारोबार गर्ने र शेयरमा अनधिकृत लगानी गरी बचतको दुरूपयोग गर्ने, पारिवारिकरूपमा संस्था सञ्चालन गर्ने, ऐन कानूनविपरीत कार्य सञ्चालन गर्ने र रकम अपचलन गरी भाग्नेसम्मका प्रवृतिहरु देखिएका छन् भने कतिपय अवस्थामा त्यस्ता संस्थालाई राजनीतिक संरक्षणसमेत भएको देखिएको छ । शिव शिखर बहुउद्देश्यीय सहकारी, सुमेरु सेभिङ्ग एण्ड क्रेडिट सहकारी, ओरिएन्टल बचत तथा ऋण सहकारी संस्था, हिरो कोअपरेटिभ, सिभिल बचत तथा ऋण सहकारी संस्थालगायतका कतिपय सहकारी संस्थाहरु बचतकर्ताको सावा ब्याज फिर्ता गर्न सकिरहेका छैनन् भने समस्याग्रस्त सहकारी थपिने क्रम जारी रहेको छ।

सहकारी ऐन, २०७४ को दफा ७३ मा सहकारीहरुले प्रत्येक वर्ष रजिस्ट्रार समक्ष तोकिएको विवरण अनिवार्य पठाउनुपर्ने व्यवस्था भएबमोजिम संघीय सहकारी विभागले असार २२ गते सूचना जारी गर्दै सहकारीहरुले एक करोड रूपैयाँभन्दा बढी ऋण लगानी भएका व्यक्ति वा संस्थाको विवरण/सञ्चालक समिति, लेखा समिति र व्यवस्थापकको नागरिकताको प्रतिलिपिसहित तीन पुस्तेलगायतका विवरण पठाउन ३० दिनको समय दिँदै विवरण नबुझाएको खण्डमा कानुनबमोजिम कारबाही हुने समेत जनाएको छ । आर्थिक वर्ष २०७८/०७९ को साधारणसभामा उपस्थिति तथा निर्णयको प्रमाणित प्रतिलिपी, लेखापरीक्षण प्रतिवेदनसमेत विभागमा पठाउनुपर्ने भएको छ।




*राज्य र सहकारी क्षेत्र मिलेर सहकारीमा राखेको रकम जोखिममा पर्दैन भन्ने वातावरण सिर्जना गर्नुपर्छ । आम मान्छेलाई सहकारीप्रति आशंका गर्ने मनोवृतिको निराकरण गर्दै सहकारीप्रति पुन: विश्वसनीय वातावरण बनाउनका लागि राज्य र अभियान सँगसँगै अगाडि बढ्न जरुरी छ ।*

### अध्ययन कार्यदलको सुझाव

सरकारले गत वैशाख २६ गते गठन गरेको सहकारीको समस्या पहिचान तथा समाधानको खोजी अध्ययन कार्यदलले तयार पारेको अन्तरिम प्रतिवेदनअनुसार बचत फिर्ता माग्ने बचतकर्ताहरुलाई सहकारी संथाले २०८१ असार मसान्तसम्ममा अनिवार्य भुक्तानी दिन लगाउने सुझाव प्रस्तुत गरेको छ। २०८१ असार मसान्तसम्म बचत फिर्ता गर्न नसक्ने र कर्जाको अधिकतम दुरूपयोग गरेका सञ्चालक तथा व्यवस्थापकलाई पक्राउ गर्न र कानूनअनुसार बचत असुल गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा पत्राचार गरिनेसमेत उल्लेख गरिएको छ। कार्यदलले अन्तिम प्रतिवेदन तयारीको लागि दुई महिनाको अवधि थप गर्नसमेत आग्रह गरेको छ। पहिले सञ्चालक समिति र लेखा समितिमा रहेकामध्ये ४९ प्रतिशतसम्म सदस्यले कर्जा लिन पाउने व्यवस्था रहेकोमा त्यसलाई घटाएर २० प्रतिशतमा झार्नुपर्ने, ऐनमा भएको व्यवस्थाअनुसार कर्जा तथा बचत सुरक्षण कोषमार्फत सहकारीको बचत सुरक्षणको व्यवस्था गर्नुपर्ने, यस्तो कोषमा सरकारले ४० प्रतिशत लगानी गर्ने र बाँकी रकम संस्थाहरूले गर्नुपर्ने, सहकारी संस्थाहरूको वर्गीकरण गर्नुपर्ने, वित्तीय कारोबार गर्ने सहकारीहरूलाई मापदण्ड बनाउने र मापदण्ड तयार नहुँदासम्म नयाँ सहकारी दर्ता र सहकारीहरूको शाखा विस्तारमा रोक लगाउने सुझाएको छ। गाउँपालिकामा भने शाखा खोल्न रोक नलगाइने पनि व्यवस्था गरिएको छ।

यस्तै, सञ्चालक तथा व्यवस्थापकबाट हुने कर्जा दुरुपयोगमा उनीहरूको जायजेथाबाट असुल गर्ने र सम्पत्ति रोक्का गर्ने, सम्पर्कमा नआउने सञ्चालकलाई कारबाहीको लागि सिआइबीमा पठाउनेलगायतका सुझाव समेटिएका छन्।

### सहकारी विभागको भूमिका

संघीय सहकारी विभागले यो संकटको समयमा सहकारीलाई जोगाउनका लागि नियोजित रूपमा सहकारीको रकम दुरूपयोग गर्नेलाई कारबाही र अन्य विभिन्न कारणले समस्या परेका सहकारीलाई सुरक्षा प्रदान गर्नेतर्फ ध्यान दिनु अत्यावश्यक छ । सहकारीमा देखिएको समस्या समाधान गर्नका लागि सहकारीबाट ऋण लिएर नतिर्ने सदस्यलाई सम्बन्धित संस्थाको सिफारिसमा वडा कार्यालयले प्रदान गर्ने सरकारी सेवा-सुविधा रोक्नेसम्मको व्यवस्था गर्न सकेमा यो समस्या धेरै हदसम्म समाधान हुने देखिन्छ। सहकारी बन्द भए ऋण तिर्न नपर्ने भन्ने मानसिकताको वृद्धी हुँदै गएको वर्तमान परिप्रेक्षमा ऋण नतिर्दा कानूनी कारबाही हुन्छ भन्ने अवस्था सिर्जना गर्न सहकारी विभागले ध्यान दिनुपर्छ।

### निष्कर्ष र सुझाव

सहकारीप्रति घट्दै गएको विश्वासलाई जगाउनका लागि सम्बन्धित सहकारी संघसंस्था र अभियानका जिल्ला तथा केन्द्रका संघ, महासंघले सचेतनाका कार्यक्रमलाई प्रभावकारीरूपमा अगाडि बढाउनुपर्दछ। राज्य र अभियान मिलेर सहकारीमा राखेको रकम जोखिममा पर्दैन भन्ने वातावरण सिर्जना गर्नुपर्छ। आम मान्छेलाई सहकारीप्रति आशंका गर्ने मनोवृतिको निराकरण गर्दै सहकारीप्रति पुन: विश्वसनीय वातावरण बनाउनका लागि राज्य र अभियान सँगसँगै अगाडि बढ्न जरुरी छ। सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गरी दोषीलाई कानूनी कारबाही र रकम जोखिममा परेका बचतकर्ताको रकम फिर्ता सहकारीलाई विश्वसनीय बनाउने पहिलो आधार हो ।

संकटग्रस्त सहकारी संस्थाहरूको सन्दर्भमा सत्य-तथ्य पत्ता लगाउनका लागि सरकारले वित्तीय क्षेत्रका विज्ञसहितको समिति बनाएर नमूना सर्वेक्षण, परीक्षण र विश्लेषण गर्न आवश्यक छ। सहकारी संस्था सफलता र असफलताको कारण पहिचान, सहकारीको कारोबारको सुरक्षा, सहकारी संघ, महासंघ र राष्ट्र बैंकको मार्गदर्शन, सहकारी संस्थामा सदस्यको सहभागिताको अवस्था, प्रभावकारी सहकारी शिक्षा लगायतका विषयवस्तुको यथार्थता पहिचान र उचित व्यवस्थापनमार्फत मात्र वर्तमान समस्या समाधान गर्न सम्भव देखिन्छ।

सहकारी संस्थाहरूको कारोबारमा परेको संकटलाई दृष्टिगत गरी संस्थाहरूको वित्तीय क्षमता अभिवृद्धि गर्न, सदस्यको दोहोरोपन घटाउन र अवैज्ञानिक कार्यक्षेत्र अतिक्रमणको अवस्था (ओभरल्याप) कम गर्न समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरूको एकीकरणलाई प्रोत्साहन गर्न आवश्यक छ। सहकारी संस्थाहरूको कारोबारको आकार र गुणस्तरको आधारमा वर्गीकरण गर्ने, सहकारीको कारोबारलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउन प्रविधिको उपयोगमा जोड दिने, सहकारी क्षेत्रको विवरण सुरक्षित गर्न विद्युतीय कारोबारलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

सहकारी संस्थाहरूको वित्तीय कारोबारको जोखिम न्यूनीकरणका लागि कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोष स्थापना र संचालन, आन्तरिक लेखा परीक्षण प्रभावकारी बनाउनुका साथै तथ्यांक संकलन र विश्लेषणलाई विश्वसनीय बनाउन आवश्यक छ।

## सामाजिक सञ्जाल



**- माइक बुढाथोकी**

आफूले पढाउने स्कुलको विश्वास नगरेर आफ्ना छोराछोरी निजी स्कुलमा पढाउने शिक्षक र आफूले राजनीति गर्ने देशलाई विश्वास नगरेर आफ्ना छोराछोरी विदेश पठाउने नेताहरुबाट देशको उन्नति सोच्नु मुर्खता हो । अहिले १२ पासपछि दैनिक हजारौं विद्यार्थी पलायन हुनु यसको परिणाम हो र यस्ता नेताले चलाएको देशमा त्यस्ता शिक्षकले आन्दोलन गर्नु अनौठो होइन ।



**- मुक्ति अर्याल**

अर्थव्यवस्थाबारे नेहरु-ईन्दिराको जे सोच थियो त्यही सोच अहिले नेपालमा हाबी छ। बजारलाई खुला रूपले काम गर्न दिइएको छैन। कहिलेकाहीँ खुला बजारको हिमायतिहरु पनि जानेर-नजानेर तिनै खेमाहरुको लहैमा लागेको देखिन्छ । "बजारलाई काम गर्न दिऔं, बाँकी सबै यसैले दिन्छ" भन्ने धेरैले बुझ्न बाँकी छ ।



**- निर्मल प्रसाइँ**

कक्षा कोठामा हुनुपर्ने शिक्षक आज सडकमा आइपुगेका छन्, ओपिडी सेवामा हुनुपर्ने स्वास्थ्यकर्मी कुटपिटको डरले सडकमा आएका थिए, खेतमा हुनुपर्ने किसान सुदखोरको डरले सडकमै छन्, देश निर्माणमा हुनुपर्ने युवा एअरपोर्टमा छन्। संविधानले नदेखेको दृश्य ।



**- विनोद न्यौपाने**

भूगोल मुताबिक छैन तिम्रो संविधान। यो पार्टीहरूको स्वार्थ अनुकूलको सम्झौताको दस्तावेज हो। त्यसैले विगत दश वर्षअघिदेखि यसलाई आत्मसात् र अनुभूति गरेनन् नेपालीहरूले । राज्यको पैसा खर्च गरी पञ्चायतले जस्तो ढोल र ढ्याङ्गो पिटेर हुँदैन। तितो यथार्थ यही हो ।

# सर्वस्वीकार्यताको सवाल

विचार



● रंजीत शर्मा

२०७२ असोज १ गते संविधानसभाका बहुमत सदस्यहरूबाट हस्ताक्षर भएपछि सभाध्यक्षबाट प्रमाणित गरी असोज ३ गते नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले नेपालको संविधान, २०७२ जारी गरेका थिए । यस संविधानमा ३५ भाग ३०८ वटा धारा र नौ वटा अनुसूचीहरू रहेका छन् । संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्नुका साथै पहिलो पटक संघीय मुलुकको रूपमा स्थापित गरेको छ।

संविधान घोषणा भएको आठ वर्ष पूरा भएको छ । तर, संविधान सर्वस्वीकार्य भने भइसकेको छैन । घोषणा गरिएको दिन पहाडी समुदायमा दीपावली थियो भने मधेसी समुदायले भने कालो दिनको रूपमा उल्लेख गरेको थियो। तर, अहिले आएर संविधानमा देखिएका संशोधनका विषयलाई हेर्दा संविधान बचाउन पनि ग्राहो देखिएको छ।

५५ प्रतिनिधिले सन् १७८७ मा अमेरिकी संविधान लेखे । संशोधन गर्न संघीय ससंद् अर्थात् कंग्रेसले ३३ वटा प्रस्ताव गरे पनि राज्य अथवा स्टेटहरूले अनुमोदन नगर्दा अमेरिकी संविधान हालसम्म २७ वटा मात्र संशोधन भएको छ। १७० भन्दा बढी देशले अमेरिकी संविधानलाई नमुना संविधान मानेरै पछ्याएका छन्। अमेरिकी संविधान सबैभन्दा पुरानो लिखित संविधान हो ।

३८९ सदस्यले दुई वर्ष ११ महिना १७ दिन लगाएर लेखिएको भारतको लामो संविधान २६ जनवरी १९५० मा लागू भयो । ७३ वर्षमा १०५ संशोधन भए । तर, हाम्रा नेताहरूले संविधान लागू भएको आठ वर्ष बिति सक्दा मधेशी समुदायले उठाएको संशोधन प्रस्तावप्रति भने रुचि देखाएका छैनन् ।

विपरीत कोणबाट हेर्दा, संविधान संशोधनको विषय कोट्याउनु बेमौसमको बाजा बजाउनुजस्तै देखिन्छ । संविधान संशोधनको प्रयास पहिलो पटक १५ असोज २०७२ मा सुशील कोइराला नेतृत्वको गठबन्धन सरकारले संविधान संशोधन गर्ने निर्णय गर्दा एमालेका मन्त्री क्याबिनेट बैठकबाट उठेर गएका थिए । त्यस्तै, ५ भदौ २०७४ मा संविधानको दोस्रो संशोधन विधेयक संसद्बाट फेल गराउन एमालेले नै अग्रणी भूमिका खेलेको थियो । त्यस्तै, संविधान संशोधन गर्ने एजेन्डासहित नेपाली कांग्रेस र माओवादी केन्द्रबीच २८ असार २०७३ मा नौ बुँदे सहमति भयो । लगत्तै १९ साउन २०७३ मा पनि यी दुई पार्टी र मधेसी मोर्चा/संघीय गठबन्धनबीच सात बुँदे त्रिपक्षीय सहमति भयो तर पनि संविधान संशोधन हुन सकेन ।

### संशोधन आवश्यक देखिएका व्यवस्था

- प्रादेशिक सीमांकन र प्रदेशको अधिकारक्षेत्र जस्ता महत्वपूर्ण विषयमा संशोधन गर्न जरुरी छ । प्रदेश संरचनालाई सानो र अधिकारसहित बनाउन संविधान संशोधन जरुरी छ ।
- निर्वाचन क्षेत्रको विषयमा पनि संविधान संशोधन जरुरी देखिन्छ ।
- नेपालको संविधान, २०७२ को भाग २ को नागरिकतासम्बन्धी धारा ६ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने भनिएको छ, जुन अस्पष्ट छ । प्रस्टरूपमा यति वर्षभित्र नागरिकता पाउनेछ भनी लेखिनुपर्छ। नागरिकतालाई तराईसँग जोडिएको छ। तर, तराईबासीको मात्र भारतमा विवाह हुँदैन । पूर्वी पहाड- इलाम, पाँचथर ताप्लेजुङ र पश्चिम पहाड- दार्चुला, बैतडी, डोटी र डडेलधुरातिरका मानिसले पनि भारततिरबाट बुहारी भित्र्याउने गर्छन् । भारतबाट भित्रिने बुहारीहरूलाई नेपालको राजनीतिमा भाग लिने अवसरबाट वञ्चित गर्नु हुँदैन। कुनै बन्देज लगाउनु हुँदैन ।
- धारा ४२- सामाजिक हकमा सामाजिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग इत्यादिलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता गराइनेछ भनिएको छ, जुन अव्यवहारिक र अवैज्ञानिक छ। मधेसीभित्रका दलित र सीमान्तकृतलाई प्राथमिकता दिनुपर्छ। मधेसीलाई एउटै जातिभित्र राखिएको छ । मधेसी भौगोलिक सम्बोधन हो कि जातीय ? प्रस्ट पारिएको छैन । मधेसभित्रका दलितलाई छुट्टै व्यवस्था गरिएको छैन। यसरी सामाजिक न्यायको हक अस्पष्ट र एकपक्षीय छ। यसमा संशोधन आवश्यक छ।
- धारा ८४, उपधारा (२) मा समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस, आर्य, मधेसी, थारू, मुस्लिम पिछिडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुनबमोजिम हुनेछ । यसमा मधेसीसँगै महिला, आदिवासी, जनजाति, थारू, मुस्लिमलाई अलग-अलग क्लस्टरमा राखिएको छ । जुन अवैज्ञानिक छ।

मधेसीको परिभाषा गरिएको छैन । खस-आर्य समाजशास्त्र/मानवशास्त्रअनुसार खस र आर्यको उत्पत्ति अलग-अलगरूपमा भएको पाइन्छ। खस र आर्य एकै होइनन् । खसभित्र पहाडी मूलका मानिस पर्छन् भने आर्य भनेका तराई-मधेसका जनता हुन् । अर्थात् मधेसीहरू वैदिक आर्य हुन्, आर्यवंशी राजा जनक र गौतम बुद्धका सन्तान ।

- संसद विघटनसम्बन्धि धारालाई स्पष्ट पार्न जरुरी देखिन्छ । धाराहरू एक आपसमा बाजिएको हुनु हुँदैन । यो धारा कतिको बाझिएको कुरा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई/दुई पटक संसद विघटन गर्ने कार्यबाट हेर्न सक्छौं ।
- कुनै पनि विधेयक सबै प्रक्रिया पूरा गरी दुवै सदनबाट पारित गरी राष्ट्रिपति कार्यालयमा पठाउँदा पनि एक पटक फिर्ता र अर्को पटक प्रमाणीत नगरी थन्काएर राख्ने गरेका कार्यलाई पनि रोक्न र निज राष्ट्रिपतिलाई पनि कारबाहीसहित सविधान संशोधन गरी संविधानमा उल्लेख गर्न जरुरी देखिन्छ ।
- अर्थपूर्ण समावेशीकरण, सबैलाई समान अवसर र आधिकार प्राप्तिको लागि संविधान संशोधन जरुरी छ।

यसरी संविधानको २७४ धारा पूरक वा सहायक नभई स्वतन्त्र धारा हो। यसलाई अरु धाराले प्रतिबन्ध लगाएको छैन। तसर्थ, यस धारामा असंशोधनीय भनी लेखेको बाहेक सबै चिज संशोधन हुन सक्छ । हेक्का के राख्नुपर्छ भने, संविधान कुनै साध्य होइन- यो त केवल साधन हो । साधनको समुचित उपयोगबाटै देश गन्तव्यमा पुग्ने हो ।

समृद्ध बन्ने हो । यसको इमानदार प्रयोग आवश्यक छ, यसको मर्म मार्ने प्रयास कतैबाट पनि हुनु हुँदैन । संविधान सबै जाती वर्गको लागि महसुस गर्ने लायक हुनु पर्दछ। संविधानमा यस्ता कैयौं धारा र उपधारा छन्, जसलाई संशोधन र परिमार्जन गरी सबै क्षेत्र, समूह, जाति, जनजातिको साझा दस्तावेज बनाउन आवश्यक छ। अनि मात्र यो सर्व स्वीकार्य हुनसक्छ ।

## तपाईंको राशिफल

- मेष : पदमा वृद्धि हुनेछ । आमाको सहयोग प्राप्त हुनेछ ।
- वृष : खर्च बढी हुनेछ। धार्मिक यात्रा हुने योग छ ।
- मिथुन : परिश्रमबाट सफलता मिल्नेछ । मनमा अशान्ति छाउनेछ ।
- कर्कट : स्वास्थ्य सामान्य रहनेछ। तथापी, मनमा नकारात्मक विचार बढी आउनसक्छ ।
- सिंह : आत्मविश्वास बढ्नेछ । कार्यहरुमा अनुकूल प्रगति हुनेछ ।
- कन्या : सन्तानको सुखमा वृद्धिको योग छ । धैर्यता बढ्नेछ ।
- तुला : परिवारको स्वास्थ्यमाथि ध्यान दिनुपर्छ। स्थानान्तरण हुने योग छ ।
- वृश्चिक : नातागोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम जरुरी छ ।
- धनु : पारिवारिक सदस्यहरुमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुन्छ ।
- मकर : मनमा शान्ति र प्रसन्नता छाउनेछ ।
- कुम्भ : नौलो वाहन खरीद हुने योग छ। पठन-पाठनमा रुचि बढ्नेछ ।
- मीन : आयमा कमी हुनेछ । विपरीतलिंगीसँग आकर्षण बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# बक्स अफिस समाचार

## नवीनको गीतमा झुमे दर्शक




**हेटौंडा/मस-** हरेक वर्ष हरितालिका तीजको अवसरमा आयोजना हुँदै आएको तीज गीत प्रतियोगिता एवम् महोत्सव यो वर्ष पनि हेटौंडाको पशुपति मन्दिर परिसरमा सम्पन्न भएको छ । नेशनल गोल्ड टेलिभिजन र हेटौंडा एफ एमले संयुक्तरुपमा आयोजना गरेको तीज गीत प्रतियोगिता एवम् तीज महोत्सवमा हजारौं दशर्कहरुको सहभागिता रहेको थियो ।

निराहार व्रत बसी नाचगान गरेर रमाउने महिला दिदिबहिनी घामको प्रवाह नगरी दिनभरी नाचिरहेका देखिन्थे । यो राष्ट्रिय स्तरको तीज गीत प्रतियोगितामा १० प्रतियोगी समूहले भाग लिएका थिए । जसमध्ये सानो पोखरा आमा समूह ५ प्रथम, हजुरआमा समूह द्वितीय, दियालो समूह तृतीय र सामना बनस्पती समूह सान्त्वना स्थान हासिल गर्न सफल भए ।

कार्यक्रममा प्रमुख निर्णायकको रुपमा गायक तथा संगीतका नवीन पौडेल रहेका थिए भने अन्य निर्णायकहरुमा राजु लामा, बिन्दु परियार, मिनाश्री लुङ्गेली र गीता भट्टराई रहेका थिए । कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तान रहेकी थिइन् । विभिन्न झाँकीसहित आयोजना गरिएको प्रतियोगिता एवम् महोत्सवमा विभिन्न कलाकारले आ-आफ्नो प्रस्तुति दिएका थिए । निर्णायक एवम् गायक नवीन पौडेलको प्रस्तुतिले सबैलाइ लोभ्याएको थियो । उनले 'मन परेरै हो मन परेरै हो मैले तिमीलाई हेरेको मन परेरै हो', 'हरहर बासना अगरबत्तीको', 'के सम्झनु छ र जान्न म त त्यो घर', 'लेउ खुकुरी लेउ जनता लेउ खुकुरी लेउ भ्रष्टाचारीजतिलाई पुर्‍याइदिउँ छेउ'लगायतका गीत प्रस्तुत गर्दा उपस्थित सबै दर्शकले व्यापक साथ दिएका थिए । आयोजक संस्थाका प्रमुख उज्ज्वल चौलागाईंका अनुसार दर्शकहरुको अत्यन्तै माग भएकाले यो वर्ष पनि लगातार गायक नवीन पौडेललाई आमन्त्रण गरिएको हो ।

कार्यक्रममा गायिका बिन्दु परियारले 'पर्ख पर्ख मायालु'लगायतका आफ्ना चर्चित गीतहरु प्रस्तुत गरेकी थिइन् । त्यसैगरी गायिका मिनाश्री लुङ्गेलीले 'स्याउ फल्यो जुम्लामा', 'सुनको चुरा छ', 'पूर्व घुम्न जाम', गीता भट्टराईले 'ए ठूले', 'बाच्छीले धान खायो', हेटौंडा आइडलका विजेता दिपेश श्रेष्ठ, भ्वाइस अफ किड्सका विता जेनिश उप्रेतीलगायतले आ-आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए । यस्तै हास्यकलाकार एवम् जादुगर राजेन्द्र गिरी 'गुन्द्रुके' र मिना गिरीले पनि प्रस्तुति दिएका थिए ।

## नेपाली सांगीतक क्षेत्रमा जमेका पवन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३ असोज

नेपाली सांगीतक क्षेत्रमा दैनिक नयाँ नयाँ कलाकारको प्रवेश भइरहेको छ । कलाकार भन्ने बित्तिकै हामीले नाच्ने र गाउने मान्छे भनेर चिन्छौं र आम बुझाइ पनि त्यही छ । कलाकार भनेको पर्दामा देखिने व्यक्ति मात्र नभइ एउटा सिर्जनासँग जोडिने र हरेक पाटोमा आफ्नो कामको दखल राख्ने व्यक्तिलाई भनिन्छ । एउटा गीतको अडियो तथा म्युजिक भिडियो तयार हुँदा पर्दामा देखिने भन्दा पर्दा पछि बसेर काम गर्ने व्यक्तिको धेरै ठूलो मिहिनेत र योगदान हुने गर्दछ ।

यस्तै पर्दा पछाडि रहेर निरन्तर नेपाली गीत संगीतमा आफ्नो कर्म इमानदारितापूर्वक गरिरहेका व्यक्ति हुन्, पवन विश्वकर्मा (विश्व) । पहलमान विश्वकर्मा र माता हिरा विश्वकर्माको कोखबाट ज्येष्ठ सुपुत्रका रुपमा विसं २०५७ असार २० गते बागलुङको काठेखोला गाउँपालिका-४ तङ्गाममा जन्मिएका हुन् पवन । कुशल ध्वनि संयोजक तथा संगीतकारका रूपमा नेपाली संगीत क्षेत्रमा स्थापित पवनका एक भाइसमेत छन् । २०७३ सालबाट साइनोमा आफ्नै दाइ पर्ने कमल विश्वकर्माको प्रेरणाले नेपाली गीतसंगीत क्षेत्रमा होमिएका उनले करिब पाँच सयभन्दा बढी गीत मिक्सिङ गरिसकेका छन् । उनले ध्वनि मिश्रण गरेका झरनाको चिसो पानी, तिमीलाई हेर्ने बानी पर्‍यो, खेल मेरी दर्कादारी गीतहरूले मिलियन क्लब नाघेका छन् । गीतसंगीतमै केही गर्ने लक्ष्यका साथ अगाडि बढेका पवन मिहिनेतका साथ आफ्नो कर्म गरे सफलता



मिल्ने विश्वास गर्छन् । उनले ध्वनि मिश्रण, संगीत संयोजनका अलावा गीत लेखन पनि गर्छन् । बीबी अनुरागी, श्याम स्वतः रसाइलीलाई आफ्नो आइडल मान्ने पवनले मध्यान्हसँग कुरा गर्दै 'सांगीतिक क्षेत्रमा मार्ग निर्देशन गर्ने पहिलो व्यक्ति नै कमल विश्वकर्मा रहेको बताए । उनले 'उहिलेका भाका' तीज गीतको उत्कृष्ट ध्वनि मिश्रण विधाबाट शिव शक्ति म्युजिक अवार्डसमेत जितेका छन् । थुप्रै अवार्ड समारोह तथा कम्पनीहरूबाट सम्मान पाइसकेका उनको चर्चा भने संगीत क्षेत्रमा खासै हुँदैन । आफू मिडियामा जानुपर्ने हो या मिडिया आफू कहाँ आउनुपर्ने हो भन्ने बुझ्न नसकेको उनी बताउँछन् । आफूले गरेका कामहरूले बजारबाट राम्रो रेस्पोन्स पाइरहे पनि पर्दा पछाडि बसेर काम गर्ने भएको हुँदा फराकिलो रूपमा परिचित हुन नसकेको उनी स्वीकार्छन् ।

कामलाई भगवान ठान्ने पवनले गीतसंगीतमा संगत गरेर धेरै राम्रा र उधारा मान्छे कमाएको बताए । धन कमाउन नसके पनि नाम पनि उधारोमा कमाएको अनुभव उनी सुनाउँछन् । अति सामान्य परिवारमा जन्मिएर गीतसंगीतको महत्वपूर्ण हिस्सा बनेर काम गरेको छु भन्ने सकारात्मक बुझाइले नै नयाँ नयाँ काम गर्ने जाँगर चल्ने गरेको उनी बताउँछन् । बजारमा निकै प्रतिस्पर्धा रहेको स्वीकार्दै हरेक पटक नयाँपन दिनुपर्ने थप चुनौती बढेको उनको अनुभव छ । हाल उनी म्युजिक नेटवर्क नेपाल स्टुडियोमा आवद्ध रहेर काम गरिरहेका छन् । उनलाई हरेक क्रियसनमा गायक तथा संगीतकार योगेस काजी शाहले साथ दिँदै आएका छन् । नसा नसामा नेपाली गीतसंगीत बोकेका पवन उदाउँदो तारा हुन् । एक हजारभन्दा बढी गीतको रेकर्डिङ गरिसकेका पवनले दर्जनौं गीतको संगीत संयोजन पनि गरिसकेका छन् ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **Target H.R. Solution Pvt. Ltd.** श्रम इजाजत पत्र नं. १३९७/०७४/०७५ मा कार्यरत निम्न कर्मचारीहरु आफ्नै घरायसी कामले यस कार्यालय छोडेको हुँदा हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | नागरिकता नं | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १ | ममता श्रेष्ठ | डकुमेन्टेशन | २७१०६०११८९०४ | का.म.पा. ३२ |
| २ | सिता पन्त | कार्यालय सहयोगी | ६१३८६ | गोर्खा- ७ |
| ३ | निशा दहाल | एकाउन्टेन्ट | २८-०१-६७-०५८११ | रानीबास -४, सिन्धुली |
| ४ | अनुराधा दहाल | रिसेप्सनिष्ट | १६-०२-७५-०१६१७ | सप्तरी-२, कञ्चनरुप |
| ५ | निर्मला दहाल | डकुमेन्टेशन | १०१८ | सप्तरी-२, कञ्चनरुप |
| ६ | भुवन दहाल | रिसेप्सनिष्ट | १६-०२-७५-०११४० | सप्तरी-२, कञ्चनरुप |

Target H.R. Solution Pvt. Ltd.
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि.** श्रम इजाजत पत्र नं.:१५५०/०७८/०७९ मा कार्यरत निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | Jitendra Chaudhari | 1846/059 | Marketing Officer |
| २. | Anish Shrestha | 271042/130150 | Processing Officer |
| ३. | Bali Maya Thapa Magar | 13-01-75-02354 | Receptionist |

DELIGHT FOREIGN EMPLOYMENT
Gov. License No.: 1550/078/079
**डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि.**
+977-1-5916558, 5915734
info@delightforeign.com | www.delightforeign.com
Setoganesh Chowk, Eakatabasti-09,Budhanilkantha Kathmand, Nepal

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि. (श्रम ईजाजत न.: ९४४/०६७/६८) मा कार्यरत काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १६ घर भई, नागररिकता नं २७-०१-७५-०१७१५ को श्री **श्रृष्मा महर्जन** ले आफ्नो सो इच्छाले कम्पनिमा राजीनामा दिनुभएको हुदा मिति २०८०/०५/२९ गते देखि यस प्रा. लि. बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

TMS **TIMES MANAGEMENT SYSTEM PVT. LTD.**
श्रम ईजाजत न.: ९४४/०६७/६८
Bansbari-3, Kathmandu, Nepal
Tel: 01 - 5907211, 9851167503

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०६/०४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०६/१०

**बोलपत्र खोलिने मिति**
२०८०/०६/१२ दिउँसो ३ बजे

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **१) ऋणी : मालिका बहुउद्देश्यीय एग्रिकल्चर फार्म**<br>दर्ता नं. : १३४५९२/०७१/०७२<br>ठेगाना : तिलोत्तमा ०९, रुपन्देही<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. दुर्गा बहादुर थापा मगर**<br>(ना.प्र.नं. २९८३, मिति २०५०/०३/०७ मा जि.प्र.का. गुल्मीबाट जारी भएको)<br>बाबु : धन बहादुर थापा मगर<br>बाजे : लाल बहादुर<br>**२. विष्णु कुमारी थापा मगर**<br>(ना.प्र.नं. १५६, मिति २०४६/०२/२७ मा जि.प्र.का. गुल्मीबाट जारी भएको)<br>पति : दुर्गा बहादुर थापा मगर<br>ससुरा : धन बहादुर थापा मगर | दुर्गा बहादुर थापा मगरको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स./न.पा. वडा नं. ०९ (ख) स्थित कि.नं. २४६६ (०-१-१०-० विगाहा) र कि.नं. २२५३(०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | अधिविकर्ष कर्जा | **२) ऋणी : न्यू एफिसी सुन चाँदी गहना पसल**<br>प्रा.फ.नं. ३१८/४८२०/०७५/७६<br>ठेगाना : पुर्नाबास न.पा. वडा नं.०६, कन्चनपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सन्तोष वि.क.**<br>(ना.प्र.नं. ७५-०४-२०५, मिति २०७०/०२/०३ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : श्याम बहादुर वि.क.<br>बाजे : सन्त बहादुर वि.क.<br>**२. श्याम बहादुर वि.क.**<br>(ना.प्र.नं. १४४/०४४, मिति २०५३/११/२० मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : सन्त बहादुर वि.क.<br>बाजे : आइते वि.क.<br>**३. तिर्थमाया वि.क.**<br>(ना.प्र.नं. ३३२/४५१, मिति २०४६/०३/०९ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : श्याम बहादुर वि.क.<br>ससुरा : सन्त बहादुर वि.क.<br>**४. मेरिशा रसाईली**<br>(ना.प्र.नं. ३५-०१-७१-०३४२७, मिति २०७१/०३/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : सन्तोष वि.क.<br>ससुरा : श्याम बहादुर वि.क. | श्याम बहादुर वि.क.को नाममा कञ्चनपुर जिल्ला मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभूवनबस्ती गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. १३४८ (३३१५.६८ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत |
| ३. | विविध कर्जा | **३) ऋणी : उत्कृष्ठ मसला तथा तेल उद्योग**<br>प्रा.फ.द.नं. : २१३३/१०७२/०७७/०७८<br>ठेगाना : हेटौडा १६, मकवानपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सन्तराम विश्वकर्मा**<br>(ना.प्र.नं. १/१९१२, मिति २०५६/१०/०६ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : अम्बर सिं विश्वकर्मा<br>बाजे : समर सिं विश्वकर्मा<br>**२. गिता कुमारी विश्वकर्मा**<br>(ना.प्र.नं. ३११०१३/४३७८०, मिति २०६४/०२/२८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>पति : सन्तराम विश्वकर्मा<br>ससुरा : अम्बर सिं विश्वकर्मा | गिता कुमारी विश्वकर्माको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कि.नं. ८४०४ (०-१-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | हायरपर्चेज कर्जा | **४) ऋणी : सायना ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता नं. : १७८८८४/०७४/०७५<br>ठेगाना : हेटौंडा ०२, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सुमन कुमार श्रेष्ठ**<br>(ना.प्र.नं. ४८९१/१७०५७, मिति २०५३/०७/१२ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : धन बहादुर श्रेष्ठ<br>बाजे : धनकेशर श्रेष्ठ<br>**२. कमला श्रेष्ठ**<br>(ना.प्र.नं. १७७५३, मिति २०४५/०२/१९ मा जि.प्र.का. बाग्लुङ्गबाट जारी भएको)<br>पति : धन बहादुर श्रेष्ठ<br>ससुरा : धनकेशर श्रेष्ठ<br>**३. ज्ञान्दिरा श्रेष्ठ**<br>(ना.प्र.नं. ८३१/६, मिति २०६१/०१/३० मा जि.प्र.का. भोजपुरबाट जारी भएको)<br>पति : सुमन कुमार श्रेष्ठ<br>ससुरा : धन बहादुर श्रेष्ठ | १. यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : Hyundai<br>सवारीको मोडेल : Hyundai Hydralic Excavator R220LC-7<br>निर्माण वर्ष : 2017<br>च्यासिस नं. : 22231316<br>ईन्जिन नं. : N602D02150<br>सवारी दर्ता नं. : बा २ क ९००५<br>२. कमला श्रेष्ठको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुर मा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०२ स्थित कि.नं. २०५९ (०-०-४-० विगाहा) र कि.नं. १६०५ (०-०-३-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | मध्यकालिन कर्जा | **५) ऋणी : स्टार फुड प्रोडक्टस**<br>सा.फ.द.प्र.प.नं. : ११३३७/०७७<br>ठेगाना : कृष्णनगर न.पा. १०, कपिलवस्तु<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. मोहम्मद रिजवान मुसलमान**<br>(ना.प्र.नं. ३८-०२-७५-०२३९१, मिति २०७५/०६/२१ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : नुर मुहम्मद<br>बाजे : मोहम्मद रजा<br>**२. अहमद अली मुसलमान**<br>(ना.प्र.नं. ४/१६/८९५३, मिति २०६१/१२/०२ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : रमजान अली मुसलमान<br>बाजे : साहेबजादे मुसलमान<br>**३. तौहिद खाँ**<br>(ना.प्र.नं. ३८२०७४/१६६७५, मिति २०७०/०३/१२ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : मोहम्मद साफिक खाँ<br>बाजे : मोहम्मद मुनिर खाँ<br>**४. राबिया खातुन**<br>(ना.प्र.नं. ३८३०७३/२, मिति २०६३/११/१३ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>पति : रमजान अलि मुसलमान<br>ससुरा : सफिउल्लाह | १. राबिया खातुनको नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, जमुनी गा.वि.स./न.पा. वडा नं. ०४ (क) स्थित कि.नं. १०३ (०-१५-३-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. मोहम्मद रिजवान मुसलमानको नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय चन्द्रौटा , कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. १७७ (०-२-१०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | विपन्न वर्ग कर्जा | **६) ऋणी : मन कुमार मगर**<br>(ना.प्र.नं. ०२१०१२/४२६, मिति २०६३/११/१७ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>ठेगाना : बुद्धशान्ति ०४, झापा<br>बाबु : तिल बहादुर मगर<br>बाजे : डम्बर सिंह मगर<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**किरण थापा मगर**<br>(ना.प्र.नं. १०६४२४, मिति २०६०/०८/२२ जि.प्र.का. गोरखाबाट जारी भएको)<br>पति : मन कुमार मगर<br>ससुरा : तिल बहादुर मगर | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधन :<br>कम्पनीको नाम : JS Auto<br>सवारीको मोडेल : JSA Victory Plus<br>निर्माण वर्ष : २०१८<br>ईन्जिन नं. : A8G1217516<br>च्यासिस नं. : MCHJIDC3FJPH03265<br>सवारी दर्ता नं. : मे १ ह ५८८५ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

एडीबीको अनुमान

# आगामी वर्ष आर्थिक वृद्धि ४.३ प्रतिशत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज



एसियाली विकास बैंक (एडीबी) ले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा एक दशमलव नौ र सन् २०२४ मा चार दशमलव तीन प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ । एडीबीले 'एसियन डेभलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२३' प्रतिवेदन सार्वजनिक गर्दै यो वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदरमा केही वृद्धि हुने अनुमान सार्वजनिक गरेको हो ।

त्यस्तै, नेपालमा सन् २०२३ मा मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहने अनुमान एडीबीको छ । सन् २०२४ मा भने त्यो घटेर छ दशमलव दुई प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ । नेपालले वस्तु आयात गर्ने सबैभन्दा ठूलो मुलुक भारतमा सन् २०२४ मा मूल्यवृद्धि घट्ने अनुमान गरिएका कारण नेपालमा पनि त्यसको सकारात्मक प्रभाव देखिने अनुमान एडीबीको छ ।

अर्थतन्त्र सुधारोन्मुख देखिए पनि चुनौती भने कायमै रहेको जनाइएको छ । आर्थिक वृद्धिदर बढिरहेको र मूल्यवृद्धि सन्तुलनमा रहेको देखिए पनि नेपालमा जोखिम भने अझै बाँकी रहेको एडीबीका प्रमुख अर्थशास्त्री जान हनसेनले उल्लेख गरे । 'मूल्य र बाह्य क्षेत्रमा केही स्थायित्व देखिए पनि वित्तीय चुनौती कायमै छन् । सन् २०२४ मा नेपालले आफ्नो कूल गार्हस्थ्य उत्पादनको दुई दशमलव चार प्रतिशत बराबर वित्त घाटा व्यहोर्ने अनुमान गरिएको छ । यदि नेपालले लक्ष्यअनुसार राजस्व उठाउन सकेन भने यो अझ बढ्नसक्नेछ', उनले भने ।

स्थिर मूल्यवृद्धि र पर्याप्त वैदेशिक मुद्रा सञ्चितिका कारण अहिले मुख्यगरी बाह्य क्षेत्र सन्तुलन र समग्र अर्थतन्त्रमा पनि सुधारका संकेत देखिन थालेको छ । नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमार्फत सात प्रतिशतको नीतिगत दरलाई घटाएर साढे छ प्रतिशत बनाएको थियो । यसले ब्याजदर घटाउन सहयोग गर्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउने देखिएको एडीबीले जनाएको छ ।

घरजग्गा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा विस्तार हुनसके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ । यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो । यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडीबीले सङ्केत गरेको छ । त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ ।

अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडीबीको भनाइ छ । आयातमा केही कडाइ गर्ने गरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो । स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालु खाता घाटा सन् २०२४ मा जिडिपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडीबीको छ ।

एशिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडीबीको छ । त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ । आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेकोलगायतका कारण एसिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडीबीले जनाएको छ । यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ ।

# 'यामाहा राइड टु मोटोजीपी' टोली भारततर्फ प्रस्थान

**काठमाडौं/मस** – नौजना यामाहा प्रशंसक र उत्साही बाइकरहरू साहसिक अनुभवका लागि पहिलो मोटोजीपी इन्डियाको रोमाञ्चक दृश्यावलोकन गर्न त्यसतर्फ प्रस्थान गरेका छन् । यो ईभेन्ट २४ सेप्टेम्बर, २०२३मा बुद्ध सर्किट, नोएडामा हुनेछ । राइडर्स टोली २३ र २४ सेप्टेम्बरमा रेसको अनुभव लिएर २७ सेप्टेम्बर २०२३ मा उही बाटो भएर काठमाडौं फर्किनेछन् ।

रेसिङ गतिविधीहरूको पर्यायका रूपमा रहेको यामाहाले नेपालमा रेसिङ संस्कृतिको परिचय गराई यसको विकास र प्रवर्धन गर्न निरन्तर रूपमा काम गरिरहेको छ । आफ्नो उद्देश्य अनुरूप नै यामाहाले रेसिङ स्पोर्ट्सलाई प्रतिबिम्बित गर्ने धेरै ईभेन्टहरूसँग आफ्नो




आबद्धता कायम राख्दै यसको प्रवर्द्धन समेत गरेको छ । यामाहा नेपालले यामाहा प्रयोगहरूलाई यस ईभेन्टमा दर्ता गर्न र मोटोजिपी प्रत्यक्ष अवलोकन गर्नका लागि आव्हान गरेको थियो ।

यस कार्यक्रमले यामाहा मोटरसाइकलको पराक्रम मात्र देखाउँदैन बरू खुल्ला सडकमा ब्रान्डप्रतिको माया अभिव्यक्त गर्ने राइडरहरूको जोशलाई उत्सवका रूपमा पनि मनाउँछ । छानिएका राइडरहरूमा संग्राम पुडासैनी, सुरेश जीसी, माइकल थापा, रुपेश पण्डित, राजकुमार कुशवाहा, अर्जित महर्जन, राजकुमार कार्की र तारा खड्का रहेका छन् भने मार्सलका रूपमा प्रमोद श्रेष्ठ रहेका छन् ।


'हामीले यामाहा राइड टु मोटोजीपीका लागि ठूलो संख्याका सहभागीहरू प्राप्त गरेका थियौं, हामी प्रत्येक यामाहा प्रशंसकहरूलाई राइडप्रतिको चासो र पागलपनका लागि धन्यवाद दिन चाहन्छौं। तर हामीसँग सीमित सिट भएकाले ८ जना मात्रै छनोट गर्न सक्यौं, यो त केवल सुरुवात हो, यामाहा नेपाल हाम्रा युवाहरूको जोशलाई सम्मान गर्दछ, हामी नेपालमा मोटरस्पोर्टको उत्थान गर्न मेहनतका साथ काम गरिरहेका छौं', एमएडब्लु इन्टरप्राइजेज, टु ह्विलर डिभिजनका सीईओ श्री राजु क्षेत्रीले भने ।

# एसबिआई बैंकद्वारा बुढानिलकण्ठलाई सहयोग




काठमाडौं- नेपाल एसबिआई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाडौंस्थित बुढानिलकण्ठ मन्दिरलाई डस्टबीन, टेन्ट क्यानोपी, क्यू आर स्ट्याण्डी प्रदान गरेको छ । कार्यक्रममा नेपाल एसबिआई बैंकका बागमती प्रदेश प्रमुख बिनोदकुमार ढुंगेलले ती सामग्री स्वामी निगमानन्द महाराजलाई प्रदान गरेका थिए । कार्यक्रममा नेपाल एसबिआई बैंकका तथा मन्दिरका प्रतिनिधिहरुको उपस्थितिमा मन्दिरलाई सामग्रीहरु हस्तान्तरण गरिएको हो ।

# नमस्ते पे एपमा केवाईसी दर्ता गर्नेलाई ५० रुपैयाँ




**काठमाडौं/मस** – नमस्ते पे ले आउँदो चाडपर्वलाई लक्षित गरी नयाँ प्रयोगकर्ताका लागि अभियान शुरु गरेको छ । अभियानअन्तर्गत नमस्ते पे एप डाउनलोड गरी पूर्ण केवाईसी दर्ता गर्ने प्रयोगकर्ताले ५० रुपैयाँ प्राप्त गर्नेछन् । यो अभियान २०८० असोज १ देखि असोज १५ सम्म लागू हुने कम्पनीले जनाएको छ ।

नमस्ते पे एप डाउनलोड गरी पूर्ण केवाईसी दर्ता गर्ने प्रयोगकर्ताले तुरुन्तै वालेटमा ५० रुपैयाँ प्राप्त गर्नेछन् । प्रयोगकर्ताले कुनै पनि लेनदेनमा ५० रुपैयाँको पुरस्कृत रकम प्रयोग गर्न सक्छन् । प्रयोगकर्ताहरूले मूल कागजातहरूको फोटो अपलोड गरेर केवाईसी प्रमाणित गर्नुपर्नेछ । कागजातहरू नागरिकता, राहदानी, लाइसेन्स र मतदान कार्डमध्ये कुनै एक हुनुपर्ने जनाइएको छ ।

नमस्ते पे नगदरहित समाज सिर्जना गर्ने प्रयासमा उल्लेख्य भूमिका खेल्ने ध्येयले शुरु गरिएको डिजिटल भुक्तानी सेवाप्रदायक हो । आधुनिक प्रविधिको प्रयोगमार्फत सरल र सुरक्षित डिजिटल भुक्तानी सेवा प्रदान गरी बैंक र डिजिटल प्रविधिमा पहुँच भएका तथा नभएका सबै उपभोक्तालाई आधुनिक वित्तीय सेवा प्रदान गर्नु यस वालेट सेवाको उद्देश्य छ ।


## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

**गाउँपालिकाबासीमा डेंगीबाट बच्ने सम्बन्धी जानकारी मूलक सन्देश**

### सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।





आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।



नेपाल सरकार
गृह मन्त्रलय
नेपाल प्रहरी
## ईलाका प्रहरी कार्यालय
मकवानपुरगढी, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८०/०६/०४ गते**

यस कार्यालयबाट मिति २०८०/०३/२० गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निम्नानुसारको निर्माण कार्यको सम्बन्धमा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (१) बमोजिम छनौट भएकोले ऐ.ऐनको दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं./कार्य विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक (मु.अ.कर र PS Item बाहेक) |
|---|---|---|---|
| 1 | NCB/WORKS/ APOMAKGAD/2079-80/01 | Sundar Nepal Nirman Sewa, Hetauda-02, Makwanpur | रू. ३,९५,२६,६५६।२५ |








## Dullu Municipality
## Office of Municipal Executive
**Dullu,Dailekh**
**Karnali Province**

**Invitation For Bids**

**First Date of publication: 03/06/2080**

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.

| S N | Contract No | Work Description/ Name of Project | Estimated Amount With VAT | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/NCB/DM/ 02/2080/081 | Construction of Administrative Building of Panchakoshi Bahuprabidhik Shikshalaya at Dullu Municipality-8. (Construction of New Administrative Building ) | 1,68,50,991.09 | 6,00,000.00 | 3000.00 | 120 Days |
| 2 | Works/NCB/DM/ 03/2080/081 | Construction of Interior Civil Works For Physics, Chemistry, Biology & Computer Lab As Well As Marbal & Safty Irin Railing On Stair, Top & Varanda of Panchakoshi Bahuprabidhik Shikshalaya Building at Dullu Municipality-8. | 67,51,600.97 | 2,40,000.00 | 3000.00 | 120 Days |

2. a) Rajaswa (revenue) Khatta no. **4340100301010002** &
   b) Dharauti Khatta (Deposit Acct.) No: **4340100303000002**
3. Electronic bids must be submitted before ***12:00*** on ***03/07/2080.***
   The bids will be opened at ***14:00*** on ***03/07/2080***

**Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**